मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २१० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ३ गते सोमवार (Monday, 17 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## ट्रामाडोलसहित फार्मेसी सञ्चालक पक्राउ

**काठमाडौँ, असार २।** प्रहरीले गोंगबुस्थित कविता फार्मेसीका सञ्चालकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा गोरखा पालुङ्टार घर भएकी २५ वर्षीया बिनिता कुमाल छिन्।

फार्मेसीबाट ६५० ट्रामाडोल लागूऔषध ट्याब्लेट बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता (एसपी) नवराज अधिकारीले जानकारी दिए। उनीबारे प्रहरी वृत्त महाराजगञ्जले अनुसन्धान गरिरहेको छ।

## ९४ करोड २३ लाखभन्दा बढी ठगीको आरोपमा पक्राउ



**झापा, असार २।** बचतकर्ताको रकम अपचलन गरेको आरोपमा कृषि विकास बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्षसहित ४ जना सञ्चालक र व्यवस्थापकलाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ।

आइतबार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उनीहरूलाई सार्वजनिक गरेको हो। पत्रकार सम्मेलनका क्रममा अपराध अनुसन्धान कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले पक्राउ पर्नेहरूमा तेजविक्रम थापा, सजना राजकर्णिकार, सञ्जय सापकोटा र भीमसेन महर्जन रहेको बताए।

यस सहकारीका पीडित बचतकर्ता २ हजार ५ सय ३१ र जम्मा निक्षेप २ अर्ब ८० करोड रहेको प्रहरीले बताएको छ। तर, जाहेरी भने ५ सय ६६ जनाले मात्र दर्ता गराएका छन्। उनीहरूले ९४ करोड २३ लाख ४२ हजार रुपैयाँ ठगी गरेको जाहेरीमा उल्लेख गरेका छन्। तनहुँका थापा सहकारीका अध्यक्ष हुन् भने काठमाडौं गोकर्णेश्वरकी राजकर्णिकार व्यवस्थापक हुन्। त्यस्तै, काठमाडौं कीर्तिपुरका महर्जन र काठमाडौं चाबहिलका सापकोटा संस्थाका सदस्य हुन्।

प्रहरीका अनुसार थापा २०५६ सालदेखि संस्थाको चिफ अकाउन्टेन्ट र संस्थापक सदस्य थिए। उनी २०६० देखि कार्यकारी अध्यक्ष बनेको पाइएको छ। त्यस्तै २०६६ देखि समिट अस्पताल, लोकन्थलीको अध्यक्ष, २०७०देखि अन्नपूर्ण किसान फिड एण्ड फर्टिलाइजेसन उद्योगको अध्यक्ष, २०७१देखि कृषि टेलिभिजनको संस्थापक अध्यक्ष, २०७३ देखि गोरखा टेलिभिजन (साझा संसर मिडिया नेटवर्क) को संस्थापक अध्यक्ष, २०७४देखि यती हर्ब्स् प्रालिको अध्यक्ष, २०७१ देखि इन्टेन्सिव एग्रिकल्चर कम्पनी प्रालिको अध्यक्ष, २०६६देखि कृषि इन्भेस्टमेन्ट प्रालिको अध्यक्ष, २०७० देखि कृषि फ्रेस प्रालिको अध्यक्ष र २०७६ देखि यती टेक्निक प्रालिको अध्यक्ष रहेको पाइएको छ। थापाबिरूद्ध जिल्ला प्रहरी परिसर काठमाडौंमा २६ लाख ६६ हजार बिगो बराबरका बैंकिङ कसुरका उजुरी पनि छन्।

पाण्डे नपढेका कृषि बैज्ञानिक !

# बोट एउटा, फल थरी–थरीका

**सुरेन्द्र भण्डारी**

**बाह्रदशी, असार २।** बाह्रदशी-५का कृषक तुलसीप्रसाद पाण्डेले एउटा बोटमा थरी-थरी १० प्रजातिका फल फलाउन सफल भएका छन्। उनले होक्सेको बोटमा अमिलो प्रजातिका दश प्रकारका फल फलाएसँगै नपढेका कृषि बैज्ञानिकको उपाधि समेत पाएका छन्।

लामो समयदेखि व्यावसायिक खेती गर्दै आएका पाण्डे एउटै बोटमा अमिलो प्रजातिका दश प्रकारका फल फलाएर उत्कृष्ट कृषकका रुपमा समेत पुरस्कृत हुन सफल भए। होक्सेको बोटमा अमिलो प्रजातिका विभिन्न १० जात जोडेर फल फलाएसँगै २०७२ सालमा राष्ट्रपतिबाट उत्कृष्ट कृषकका रुपमा पुरस्कृत भएका पाण्डे कृषि पेशामा नयाँ-नयाँ प्रयोग गर्दै उन्नत जातका फलफूल तथा तरकारी खेती गर्छन्।

परम्परागत खेतीको सट्टा व्यावसायिक खेतीमा जुटेका पाण्डेले पछिल्लो सयम होक्सेको बोटमा सुन्तोला, पहाडको गोल कागती, तराईमा हुने चाइनिज कागती, मदरासी कागती, मन्तोला, बिमिरो, ज्यामिर, नाइटे ज्यामिर लगायतका फल फलाएसंगै उत्कृष्ट कुषकका रुपमा राष्ट्रपतिबाट पुरस्कृत भएका थिए।



अहिले पनि एउटा आँपको बोटमा आठ प्रजातिका आँप जोड्न सफल भएका पाण्डेले एउटै आँपको बोटमा १६ प्रजातिका आँप फलाउने सोच राखेका छन्। आठ प्रजातिका आँप जोडिसकेका पाण्डेले चार प्रजातिका आँप फलाउन सफल भएका छन्। हाल पाण्डेले सूर्जापुरी, बम्बाई, कृष्णभोग, अम्रपाली, मल्लिका, निलम, तोतापुरी, दसहरी प्रजातिका आँप राउण्डिङ गरेर जोडेका छन्। कलमी गरेर जोडिएका आँपमध्ये अधिकांशले फल दिन शुर गरेपछि पाण्डेको उत्साह अझ थपिएको छ। यही वर्षभित्र आँपका १६ प्रजातिलाई एकै रुखमा जोडेर छुट्टाछुट्टै प्रजातिका आँप फलाउने लक्ष्य लिएको पाण्डेले बताए।

'अमिलो प्रजातिमा १० प्रकारका फल एउटै रुखमा फलाएर यसअघि नै रेकर्ड राख्न सफल भएँ, अब आँपको

*(बाँकी अन्तिम पृष्ठमा)*

## छतबाट खसेर मृत्यु

**फिदिम, असार २।** पाँचथरको कुम्मायक गाउँपालिकामा निर्माणाधीन १५ शय्याको अस्पताल निर्माणमा खटेका मजदुरको छतबाट खसेर मृत्यु भएको छ।

निर्माणाधीन अस्पतालको दोस्रो तलाबाट खस्दा इलामको माई नगरपालिका-१ इलामका ३१ वर्षीय सुमन राईको ज्यान गएको हो। दोस्रो तलामा बस्दै आएका श्रमिक राईले मदिरा सेवन गरेका कारण लडेको हुनसक्ने प्रहरीको अनुमान छ। राईका सहकर्मीका अनुसार मदिरा सेवन गरेर सुतेका राई शौच गर्न बाहिर निस्कँदा लडेका थिए। राईको घटनास्थलमै मृत्यु भएको हो।

घटनास्थलको स्थलगत मुचुल्का तयार गरी पोष्टमार्टम गरेर आफन्तलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायव उपरीक्षक हेमन्तबहादुर भण्डारीले जानकारी दिए।

## होटलमा मृत फेला

**बिर्तामोड, असार २।** झापा बिर्तामोडको पाथीभरा होटल एण्ड लजमा एक व्यक्ति मृत अवस्थामा फेला परेका छन्।

इलाम सूर्योदय नगरपालिका-४ बस्ने अन्दाजी ३८ वर्षका कर्म शेर्पा होटलभित्र झुण्डिएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ। मलेसियाबाट फर्केर उनी जेठ २८ गतेदेखि उक्त होटलमा बस्दै आएका थिए। होटलको बन्द कोठाभित्रबाट दुर्गन्ध आएपछि शनिवार बेलुका ढोका फोडेर हेर्दा झुण्डिएको अवस्थामा उनी भेटिएको इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोडले जनाएको छ।

शेर्पा केही दिन अगाडि नै झुण्डिएको हुनसक्ने आशंका गरिएको छ। मृतकका आफन्त बोलाई शवको सर्जमिन गरी पोष्टमार्टममा पठाइएको प्रहरीले बताएको छ। मृतक शेर्पाका श्रीमती र नाबालक सन्तान रहेको बताइएको छ।

## ११ महिनामा ४४ प्रतिशत मात्रै पुँजीगत खर्च

**काठमाडौँ, असार २।** चालूआर्थिक वर्ष २०८०/०८१को ११ महिना अवधिमा सरकारको विकास खर्च ४४ दशमलव ६७ प्रतिशत मात्रै देखिएको छ। यही अवधिमा सरकारले चालूतर्फ वार्षिक लक्ष्यको ७२ दशमलव छ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ७२ दशमलव सात प्रतिशत बराबर बजेट खर्च गरेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

चालू आवका लागि सरकारले कूल रु. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। सोमध्ये चालू शीर्षकमा रु. ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर विनियोजन भएकामा जेठ मसान्तसम्ममा रु आठ खर्ब २२ अर्ब ८० करोड ९३ लाख बराबर खर्च भएको छ।

पुँजीगत शीर्षकमा सरकारले रु. तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबरको बजेट विनियोजन गरेकामा जेठ मसान्तसम्ममा रु. एक खर्ब ३४ अर्ब ९७ करोड ९२ लाख बराबर मात्रै खर्च भएको छ। पुँजीगत शीर्षकमा हालसम्म खर्च भएको यो रकम शुरुवाती लक्ष्यको ४४ दशमलव ६८ प्रतिशत बराबर मात्रै हो।

वित्तीय व्यवस्था शीर्षकमा चालू आर्थिक वर्षका लागि रु. तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकामा ७२ दशमलव सात प्रतिशत अर्थात् रु. दुई खर्ब २३ अर्ब ५० करोड ८८ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकको बजेट सरकारी ऋणको साँवाब्याज तिर्नमा खर्च हुने गरेको छ।

यो अवधिसम्मको सरकारी राजश्व सङ्कलन वार्षिक लक्ष्यको ६४ दशमलव १५ प्रतिशत बराबर मात्रै रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ। चालूआर्थिक वर्षका लागि सरकारले रु. १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजश्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा रु. नौ खर्ब ४४ अर्ब ५८ करोड ९४ लाख बराबर खर्च भएको छ। सोमध्ये, कर राजश्व शीर्षकमा रु. १३ खर्ब पाँच अर्ब ४९ करोड ९६ लाख बराबर असुली गर्ने सरकारी लक्ष्य रहेकामा हालसम्म ६३ दशमलव पाँच प्रतिशत अर्थात् रु. आठ खर्ब २९ अर्ब तीन करोड ९२ लाख बराबर सङ्कलन भएको छ।

गैरकर राजश्वतर्फ सरकारले रु. एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर उठाउने लक्ष्य राखेकामा हालसम्म वार्षिक लक्ष्यको ७७ प्रतिशत अर्थात् रु. ९० अर्ब एक करोड बराबर मात्रै सङ्कलन भएको देखिन्छ। चालूआर्थिक वर्षका लागि सरकारले रु. ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेको थियो। हालसम्म उठेको वैदेशिक अनुदानको अवस्था हेर्दा वार्षिक लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु. दुई अर्ब ७५ करोड ८० लाख बराबर मात्रै सङ्कलन भएको देखिन्छ।


मुलुकको अर्थतन्त्रमा सुधार हुन नसक्नुमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र कमजोर रहेको भन्दै आलोचना भइरहँदा पुँजीगत खर्चको अवस्था कमजोर देखिनु, चालू र वित्तीय व्यवथा शीर्षकको खर्च बढ्दै जानु, लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसक्नु तथा वैदेशिक अनुदान उठाउन नसक्नु प्रमुख समस्याका रुपमा देखिएका छन्।

## वडाध्यक्ष थापाको निधन

**बिर्तामोड, असार २।** झापा कनकाई-६ नम्बरका वडाध्यक्ष दीर्घबहादुर थापाको ६६ वर्षको उमेरमा निधन भएको छ। उनको आइतबार बिहान १:५० बजे निधन भएको हो। थापा लामो समयदेखि पित्तथैलीको क्यान्सरबाट पीडित थिए।

शारीरिक रुपमा अस्वस्थ भई विभिन्न अस्पतालमा भएको उपचारपछि हाल सुरुङ्गास्थित जेठा छोरा रुद्रबहादुर थापा र बुहारीसहित श्रीमतीको रेखदेखमा रहँदै आएका थिए। थापाका जेठा छोरा रुद्रबहादुर थापा सुरुङ्गास्थित कनकाई बहुमुखी क्याम्पसका प्राध्यापक साथै चम्पापुर माविका सहायक प्रधानाध्यापक हुन् भने कान्छा छोरा विशाल थापा समेत शिक्षण पेशामा आवद्ध छन्। थापाका दुईजना श्रीमती, दुई छोरा, एक बुहारी र एक छोरी र नातिनातिना छन्। आफ्नो स्वास्थ्यभन्दा पनि वडाको विकासमा धेरै चिन्ता भएको बताउने वडाध्यक्ष थापा गएको स्थानीय तहको निर्वाचनबाट कनकाई-६को वडाध्यक्षमा निर्वाचित भएका थिए।

कनकाई-६स्थित चम्पापुर माविबाट अवकास प्राप्त थापा जनप्रतिनिधि हुनु अघिदेखि नै आफ्नो वडामा एक सफल न्यायाधीश जस्तै भूमिकामा रहेर वडाबासीलाई सहयोग अनि सेवा प्रदान गर्दै आएका थिए। चम्पापुर माविको व्यवस्थापन समितिको अध्यक्ष समेत भएर विद्यालयको शैक्षिक गुणस्तरमा महत्वपूर्ण भूमिका खेलेका थापा स्थानीय स्तरका विभिन्न धार्मिक तथा सामाजिक संघ-संस्थामा नेतृत्वदायी भूमिकामा क्रियाशील थिए।



शिक्षक पेशाबाट अवकासपछिको जीवन जनताको सेवामा बिताउने अठोटका साथ अघि बढेका वडाअध्यक्ष थापाले पहिलो आर्थिक वर्षको सफल नेतृत्व प्रदान गरेका थिए भने अहिले दोस्रो आर्थिक वर्ष समापनको घडीमा अघि बढ्दै थिए। वडाध्यक्ष थापाको निधनले वडासहित नगरको ठूलो क्षति भएको भन्दै कनकाई नगरले थापाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै नगर र नगरका मातहतका कार्यालयहरुमा आइतवार शोक बिदा दिएको थियो।

## ताप्लेजुङमा बाढी पहिरोबाट दर्जनौँ परिवार विस्थापित

**ताप्लेजुङ, असार २।** निरन्तर वर्षाका कारणले ताप्लेजुङका विभिन्न ठाउँमा गएको पहिरोले दर्जनौँ परिवार विस्थापित भएका छन्।

गत बुधबार यता निरन्तर हुँदै आएको वर्षाका कारण गएको पहिरोले घरमा क्षति पुऱ्याउँदा दर्जनौँ परिवार विस्थापित भएका हुन्। शनिवार राति मिक्वाखोला गाउँपालिका-५ ताङ्खु गाउँमा सात किसानको २३ रोपनी अलैंची बगान पहिरोले बगाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमलकुमार लुङ्गेलीले बताए।

प्रहरीका अनुसार शनिबार पहिरो जाँदा



मिक्वाखोला-५ पापुङमा तीन परिवार विस्थापित भएका छन्। ताप्लेजुङका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक रवि रावलका अनुसार पापुङ, ताङ्खु टोलका आइतवीर लिम्बू, मनकुमार लिम्बू र मोहन लिम्बूको परिवार विस्थापित भएको छ। बिहान वर्षासँगै माथिबाट झरेको पहिरोले बस्न नमल्ने गरी घरमा क्षति पुऱ्याउँदा उहाँहरुको परिवारले विस्थापित हुनु परेको प्रनाउ रावलले जानकारी दिए।

यस्तै, सिरिजंघा गाउँपालिका-६ मामाङ्खेमा शनिबार गएको पहिरोले छ परिवार विस्थापित भएका छन्। मामाङ्खे थत्रुवाका गोरीमाया लिम्बू, पूर्णकुमार माबो र भीममाया गुरुङको परिवारले विस्थापित हुनुपरेको छ। मामाङ्खेकै थबाबुकका ख्यालमान लिम्बू र वीरबहादुर लिम्बू, आगेगाउँका चन्द्रबहादुर लिम्बूको परिवार विस्थापित भएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार शनिबार वर्षासँगै गएको पहिरोले सिरिजङ्घा-७मा नवराज लिम्बूको घर, भान्सा घर र पशुचौपाया गरी रु. १६ लाख ९० हजार क्षति भएको छ। त्यस्तै, शुक्रराज लिम्बूको घर पूर्णरुपमा क्षति र पशुचौपाया गरी रु. १० लाख ८० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*


'शिक्षा जीवनको ज्योति हो, जगाऔं सबै मिली'

**इन्द्रचन्द्र क्याम्पस**

बिर्तामोड, झापाको मिति २०८१।०२।२९

**सूचना ! सूचना !! सूचना !!!**

यस इन्द्रचन्द्र क्याम्पस, बिर्तामोड–६, झापाको स्थापनाको ११औं वर्षको अवसरमा यस क्याम्पसमा अध्ययनरत जेहेन्दार, विपन्न, सीमान्तकृत, द्वन्द्व पीडित एवम् दलित विद्यार्थीहरुको शैक्षिक यात्रालाई उत्प्रेरणा प्रदान गर्ने तथा क्याम्पसमा भविष्यमा आइपर्न सक्ने विपद् व्यवस्थापनलाई समेत सम्बोधन गर्ने मूल उद्देश्यका साथ यस क्याम्पसमा विद्यार्थी कल्याण अक्षयकोष स्थापना गर्न लागिएको छ। यस अक्षय कोषमा आफ्नो मन, वचन र कर्मले सहयोग गर्न सम्पूर्णदाता महानुभावहरुमा सहर्ष जानकारी गराउँदै यो सूचना प्रकाशित गरिएको छ।

**प्रकाश दाहालः क्याम्पस प्रमुख**

# पूक्यानको अध्यक्षमा ई. गुरागाई




**झापा, असार २।** पूर्वाञ्चल विश्वविद्यालय कलेजेज एशोसिएशन अफ नेपाल (पूक्यान) को सदस्यमा झापा बिर्तामोडस्थित गोमेन्द्र बहुमुखी महाबिद्यालयका प्रमुख डा. रुपकप्रसाद खनाल चयन भएका छन् ।

काठमाडौंमा पूक्यान पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूको संगठनको आठौं बार्षिक साधारण सभा तथा अधिवेशनले डा. खनाललाई सदस्यमा सर्वसम्मत चयन गरेको हो ।

अधिवेशनले सीआईटी कलेज काठमाडौंका अध्यक्ष ई. सुधिर गुरागाँईको अध्यक्षतामा ११ सदस्यीय समिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्ष कान्तिपुर इन्टरनेशनल कलेज काठमाडौंका डा. नरेन्द्रकुमार श्रेष्ठ, सेन्ट्रल कलेज अफ इञ्जिनियरीङ जनकपुरका बिजयकुमार झा, महासचिवमा गेटवे कलेज काठमाडौंका सुरेश केसी, कोषाध्यक्षमा आर्यन स्कुल अफ इञ्जिनियरीङ काठमाडौंका ओमकार नाथ गुप्ता चयन भएका छन् ।

त्यस्तै सदस्यमा गोमेन्द्र बहुमुखी कलेज बिर्तामोड झापाका डा. खनाल, अर्किड कलेज काठमाडौंका बिदुर दाहाल, नेपाल पोलिटेक्निक कलेज चितवनका दीपक ढकाल, सगरमाथा कलेज काठमाडौंका रामदत्त जोशी, काठमाडौं डन बस्को कलेज काठमाडौंका रश्मि शर्मा मैनाली र हिलसाइड कलेज अफ इञ्जिनियरिङ कलेज काठमाडौंका डा. समित थापा चयन भएका छन् ।

पूक्यान अध्यक्ष शम्भुकुमार दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष, महासचिव र कोषाध्यक्षको प्रतिवेदन माथि छलफल गरेर अनुमोदन गरी पास भएको बताइएको छ ।

# सेल्मे फलाम खानी सञ्चालनमा ल्याउन माग

**भोजपुर, असार २।** जिल्लाको पश्चिमी क्षेत्र टेम्केमैयुङ गाउँपालिका-९ मा रहेको सेल्मे फलाम खानी सञ्चालनमा ल्याउन राज्यले ध्यान दिनुपर्ने स्थानीयले माग गरेका छन् ।

करिब डेढ सय वर्ष अघिबाट सञ्चालनमा आएको फलाम खानी अहिले बन्द अवस्था छ । तत्कालीन समयमा जिल्लासँगै बाह्य जिल्लामा समेत यहाँबाट निकालिएको फलाम निर्यात हुने गरेको स्थानीय जानकारले बताउने गरेका छन् । सेल्मे फलाम खानी ऐतिहासिक फलाम खानी रहेकाले राज्यले आवश्यक अध्ययन गरेर उत्खननका लागि पहल गर्नुपर्ने स्थानीयको माग छ ।

यहाँबाट उत्खनन् गरिएको फलाम राम्रो रहेकाले अहिले पनि गाउँघरमा यहाँको फलामबाट निर्माण गरिएका सामग्री पाउन सकिने स्थानीय कालीगढ हर्कराज विश्वकर्माले बताए । आफ्ना पुर्खाले यहीं नै फलाम उत्खनन गरेर आवश्यक सामग्री निर्माण गर्ने गरेको उनको भनाइ छ । अहिले पनि उद्योग सञ्चालन गरिएको स्थान आसासमा फलामको किट पाउने सकिने उनको भनाइ छ ।

'सेल्मे फलाम खानी जिल्लाको उत्कृष्ट फलाम खानी रहेको बाउबाजेबाट मैले सुनेको छु- उनले भने- हाम्रा बाउबाजे पिता पुर्खाले यहींको फलामबाट निर्माण गरेका सामग्री अहिले पनि गाउँघरमा भेटिन्छन्, यहाँको फलाम उत्खननमा राज्यले ध्यान दिन आवश्यक छ, अहिले हामीले बाहिरबाट फलाम ल्याएर काम गर्नुपर्ने अवस्था छ ।

विगतमा फलामको धाउ निकालेको



खाल्डाखुल्डी अहिले पनि देख्न सकिने उनको भनाइ छ । सेल्मे क्षेत्रका करिब नौ घरपरिवारले अहिले पनि व्यावसायिक रुपमा कालिगढ पेसा अँगालिरहेको अर्का कालिगढ तीर्थकुमार विश्वकर्माले बताए । राज्यले यहीं नै फलाम खानी सञ्चालनमा पहल गरी दिए सहजता हुने उनको भनाइ छ । गाउँमा नै भएको खानीले निरन्तरता पाए बाहिरबाट फलाम ल्याउनुपर्ने बाध्यता हट्ने उनले बताए ।

बाजेबराजुले यहींको फलामबाट आरन उद्योग सञ्चालन गर्नुहुन्थ्यो- उनले भने- हाम्रो पालोमा आउँदा खानी बन्द भएको अवस्था छ, यहींको स्रोत साधनको प्रयोग गर्न पाए राज्यको पैसा बाहिर जानबाट रोकिने थियो, अहिले हामीले बाहिरको देशबाट आएको फलामको प्रयोग गर्नुपर्ने अवस्था छ, यसमा राज्य पनि गम्भीर बन्न आवश्यक छ ।

स्थानीय जानकार वृद्धवृद्धाका अनुसार तीनदेखि चार पुस्ता अघि अर्थात् करिब एक सय ५० वर्ष अघिबाट फलाम खानी सञ्चालन भएको इतिहास रहेको वडाध्यक्ष नभराज माङपाहाङले बताए । त्यो समयबाट शुरु भएको उद्योग करिब वि.सं. २०१३ सम्म सञ्चालनमा रहेको स्थानीय जानकारहरुको भनाइ छ ।

पछिल्लो समयमा राज्यको बेवास्ताका कारण खानीबाट फलाम उत्खनन रोकिएको स्थानीय बताउँछन् । यहाँको देवी खोला, छोक्ला, सेल्मेलगायत स्थानमा फलामको धाउ पाइने वडाध्यक्ष माङपाहाङले बताए । सेल्मे क्षेत्रमा फलामको राम्रो सम्भावना रहेकाले राज्यले यसको उत्खनन्मा जोड दिनुपर्ने उनको भनाइ छ ।

स्थानीय जानकारका अनुसार यहाँ करिब एक सय ५० वर्ष अघिबाट खानी सञ्चालन आएको बुझिन्छ- वडाध्यक्ष माङपाहाङले भने- अहिले पनि यहाँका आसपासमा खानी उत्खनन् बेलाका किटलगायत फलामको धाउ निकालिएका स्थानहरु छन्, वि.सं. २०१३ साल आसपासमा आएर खानी बन्द गरिएको हो, यसको निरन्तरता दिन राज्यले आवश्यक अध्ययन गरेर पहल गर्न आवश्यक छ, अहिले पनि यहाँको फलामबाट बनेका कृषि औजार, कट्टी खुकुरीलगायत साम्रगी गाउँघरमा भेटिन्छन् ।

रोङ गट ट्यालेन्ट

# १९२ प्रतिभा छनौट




**रोङ, असार २।** इलामको रोङ गाउँपालिकाभित्र रहेका प्रतिभा खोजी अभियान अन्तर्गत प्रारम्भिक चरणमा १९२ प्रतिभा छनोट गरिएको छ । गाउँपालिकाबाट १९२ जना प्रतिभाको छनोट गरिएको बताइएको छ ।

गायन, नृत्य र कविता विधामा ३१८ जनाले फारम भरेकोमा प्रारम्भिक चरणको छनोट प्रकियाबाट प्रथम चरणको प्रतिस्पर्धात्मक कार्यक्रमको निम्ति उत्साहजनक सहभागिता रहको निर्देशक समिति सदस्य स्वस्तिका मुखियाले बताइन् । जसमध्ये ३०५ जनाले अडिसन दिएको उनले बताइन् ।

अडिसन दिनेमध्ये कवितामा २७, गायनमा ५४ र नृत्यमा एक सय ११ जना छनौट भएका छन् । पहिलो चरणको प्रतिस्पर्धात्मक कार्यक्रमको समय तालिका चाँडै प्रकाशन हुने निर्देशन समितिले जनाएको छ । पहिलो चरणको प्रतिस्पर्धात्मक कार्यक्रम पश्चात दोस्रो चरणको कार्यक्रम र तेस्रो चरणको फाइनल कार्यक्रम रहने छ । यी चरणहरुको तालिका पनि पछि प्रकाशन गरिने आयोजकले जनाएको छ ।

कार्यक्रममा विभिन्न चरणको छनौट प्रक्रियाका लागि आयोजकद्वारा प्रत्येक विधाबाट २ जना गरी जम्मा ६ जना निर्णायकहरुको व्यवस्था गरेको छ ।

यसैगरी अन्तिम चरणमा गायन, नृत्य र कविता तीनवटै विधामा प्रथम, द्वितीय र तृतीय हुने प्रतिभाहरुलाई पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरिने छ ।

# राष्ट्रिय क्रिकेट खेलाडीले पाए जनही १३ लाख

**झापा, असार २।** युवा तथा खेलकुद मन्त्रालयले नेपाली राष्ट्रिय क्रिकेट खेलाडीले जनही १३ लाख प्रदान गरेको छ ।

टी-२० विश्वकपका लागि छनौट हुनसफल १५ खेलाडीसहित प्रशिक्षक, टिम व्यवस्थापन, सहायक प्रशिक्षक र फिजियोलाई नगद २ करोड ९७ लाख १० हजार रुपैयाँ प्रदान गरेको हो ।

मन्त्रालयमा आइतबार एक कार्यक्रम गर्दै १५ जना खेलाडीलाई जनही १३ लाख रुपैयाँ प्रदान गरेको हो । यस्तै टीम व्यवस्थापक सुमनराज कार्कीलाई १ लाख ९५ हजार, मुख्य प्रशिक्षक मोन्टी देसाईलाई ३ लाख ९० हजार, सहायक प्रशिक्षक वसन्त शाही र फिजियो बिक्रम न्यौपानेलाई १ लाख ९५ हजार प्रदान गरिएको हो । नेपाली टोली विश्वकपमा छनोट भएसँगै सरकारले राष्ट्रिय क्रिकेट टीमलाई नगद पुरस्कार दिने घोषणा गरेको थियो ।

# 'सिनेघर एप'मा हिट फिल्म



नेपालको 'नम्बर वान' ओटीटीको रुपमा आफ्नो स्थान बनाएको सिनेमाघर एपमा लगातार सफल फिल्महरु रिलिज भइरहेका छन् ।

'कबड्डी ४', 'जारी', 'महापुरुष', 'जय भोले', 'मंगलम' जस्ता सफल फिल्म रिलिज भइसकेको यो एपमा गत महिना 'चपली हाइट ३' आएको थियो । यसैबीच, शनिबारबाट एपमा अघिल्लो वर्षको सुपरहिट फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' रिलिज गरिएको छ ।

दीपेन्द्र के. खनालको निर्देशनमा बनेको फिल्ममा विपिन कार्की, सौगात मल्ल, रवीन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, स्वस्तिमा खड्का, लोकेन्द्र लेखक, मिस्री थापा, विभु पौडेल, प्रकाश दाहाल लगायतको अभिनय छ । खगेन्द्र लामिछानेको निर्माण रहेको फिल्ममा उनीसँगै अभिनेत्री वर्षा सिवाकोटीको पनि विशेष भूमिका छ । खगेन्द्र स्वयं सिनेमाघर एपको सञ्चालक समेत हुन् ।

सिनेमाघर एप एन्ड्रोइड र आइओस मोबाइलसहित सामसुङ, एलजी, गुगल, अमेजन लगायतका टेलिभिजनहरूमा पनि डाउनलोड गर्न सकिन्छ । पैसा तिर्न भने नेपाल र भारतका डिजिटल वालेटसहित अन्य देशहरुमा पेपल, गुगल पे, एप्पल पे तथा डेबिट-क्रेडिट कार्डबाट सकिनेछ । यो एपमा व्यवस्था रहेको सिनेक्वाइन प्रयोग गरेर निःशुल्क रुपमा समेत फिल्महरु हेर्न सकिने जनाइएको छ ।

## बोट ..

परीक्षणमा छु'- पाण्डेले भने- एउटै बोटमा धेरै प्रकारका फल फलाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्न यो अभ्यास गरिरहेको छु । म यो बर्ष नै सफल हुन्छु । त्यसो त पाण्डेले गर्ने हरेक कृषि कर्म अरुको भन्दा भिन्न छ । अरुले जे गर्छन् पाण्डे त्यो गर्दैनन् । बरु कृषिमा नयाँ-नयाँ आयाम भित्र्याउँछन् । ओशिलो र पहाडी क्षेत्रमा पाइने फलफूलदेखि गर्मीमा मात्र हुने फलफूल खेती गरेर मनग्य आम्दानी गरिरहेका पाण्डेले अहिले फूल खेतीलाई समेत जोडेका छन् । 'पाण्डे फलफूल तथा नर्सरी फर्म' दर्ता गरेर व्यवसायिक खेतीमा जुटेका पाण्डेको अहिलेको दैनिकी फलफूलको हेरचाह र बजारीकरणमा बित्ने गरेको छ ।

आफूले उत्पादन गरेका फलफूल तथा तरकारी पाण्डेले बाह्रैमास झापा सहित पूर्वका बजारमा बिक्री गर्दै आएका छन् । उनको फर्मबाट अधिकांशले फलफूलका विरुवा खरिद गर्ने गर्छन् ।

**२५ इन्चसम्मका करेला**

कृषिमा नयाँ-नयाँ आयाम भित्र्याउँदै व्यावसायिक खेती गर्दै आएका पाण्डेले फलफूलसँगै तरकारी खेतीलाई समेत अघि बढाएका छन् । उनी विगत ३७ बर्षदेखि निरन्तर व्यवसायिक तरकारी खेती गर्दै आइरहेका छन् । २०४४ सालमा तरहरा कृषि फर्मबाट ल्याएको सिंघिया प्रजातिको करेला उनको आम्दानीको अर्को मुख्य श्रोत हो । उनले विगत ३७ वर्षदेखि निरन्तर सिंघिया प्रजातिका करेला उत्पादन गर्दै झापासहित पूर्वका बजारमा बिक्री गर्दै आएका छन् ।

त्यस्तै उनले २५ इन्च लामोसम्म फल्ने झेलरी प्रजातिको करेला समेत उत्पादन गरेका छन् । झट्ट हेर्दा घिरौला जस्तै र जत्रै देखिने यो एउटै करेला एक केजीभन्दा बढीको हुन्छ । यो करेला समेत बिगतका वर्षदेखि नै उनले उत्पादन गर्दै बिक्री गर्दै आएका हुन् । अहिले पाण्डेका बारीमा झेलरी प्रजातिका करेला लटरम्मै फलेका छन् । यो करेलाको बीऊ उनको आम्दानीको अर्को श्रोत हो । यो प्रजातिको करेलाको बीऊ बिक्री गर्दा एउटै दानाको मूल्य ५० पैसा लिने गरेका छन् ।

पाण्डेको आम्दानीको अर्को श्रोत हो- आलु खेती । बर्षेनि एक विगाह १० कट्ठा क्षेत्रफलमा आलू खेती गर्दै आएका उनले बर्षेनि ५० क्वीन्टल बीऊ आलू उत्पादन गर्दै बिक्री गर्छन् । आफूले उत्पादन गरेको आलूलाई चिस्यान केन्द्रमा राखेर उनले आलू रोप्ने समयमा मात्र बिक्री गर्छन् । यो वर्षपनि आलूको बीऊ उनले बिर्तामोडस्थित चिस्यान केन्द्र ( कोलस्टोर)मा भण्डारण गरेका छन् । चिस्यान केन्द्रमा राखिएको आलूको बीऊ रोप्ने समयमा मात्रै बिक्री गर्ने गरेको बताउँछन् । पाण्डेले आफ्नो नर्सरीमा अहिले अंगुरदेखि बनाना, रेड बनाना, सपाटो, उन्नत जाताको लिची, उन्नत जातका बिभिन्न प्रजातिका आँप, नस्पातीसहितका फलफूल लगाएका छन् । उनले आफ्नो नर्सरीमा ३० भन्दाबढी प्रजातिका फलफूलका विरुवा उत्पादन गर्ने गरेका छन् ।

पछिल्लो समय अधिकांश युवा भएको खेती योग्य जमिन बाँझै राखेर धन कमाउन भन्दै विदेश पलायन भइरहेका छन् । कतिपयले कृषिमा भविष्य नरहेको भन्दै लाखौं रुपैयाँ खर्चिएर विदेश गइरहेका छन् । तर, बाह्रदशीका पाण्डेले स्वदेशमा कृषि कर्मबाट बार्षिक लाखौं रुपैयाँ आम्दानी गरिरहेका छन् । विशेषगरी फलफूलका बिरुवा उत्पादन र बिक्री, तरकारी उत्पादन र बिक्री, आलुको बीऊ उत्पादन र बिक्री उनको आम्दानीको मुख्य श्रोत हो । परम्परागत खेतीबाट फाइदा नहुने भन्दै २०३६ सालबाट व्यवसायी कृषि कर्म अंगालेका पाण्डेले आजपर्यन्त खेतीलाई निरन्तरता दिएका छन् ।

**कसरी रमाए कृषि कर्ममा ?**

२०२८ सालदेखि साविक चकचकी-५ (हाल बाह्रदशी गाउँपालिका-५ हरियाली टोल) मा स्थायी बसोवास गर्दै आएका पाण्डेले शुरुका केही बर्ष काठको काम गरे । तर, आफूले भने अनुसार आम्दानी गर्न नसकेपछि उनले कृषि कर्म अंगाले । भारतबाट फलफूलका बिरुवा बिक्री गर्न आउनेहरुसंग बिरुवा कलमी गर्न सिकेसँगै त्यसप्रति उनमा रुची बढ्यो । आफूले उत्पादन गरेका विरुवा बिक्री हुन थालेपछि उनले त्यही कामलाई अघि बढाए । जुन कामले राम्रो आम्दानी दिन थालेपछि उनी सोही कामका लागि बिभिन्न ठाउँमा पुगेर तालिम लिँदै कृषिमा नयाँ-नयाँ आयाम भित्र्याउन सफल भएका छन् ।

फलफूल खेती गर्ने क्रममा आँप र लिचीमा औषधि छर्कन समस्या भएपछि स्लाइनको पाइप जोडेर उनले २० फुट अग्लो स्प्रे गर्ने उपकरण बनाए । जुन उपकरणले उनलाई चर्चामा ल्यायो । त्यसमाथि उनले एउटा बोटमा विभिन्न प्रजातिका फल फलाएसँगै उनको चर्चा देशभर फैलियो । झापा जिल्लामा मात्र सीमित उनी त्यसयता देश तथा विदेशमा नपढेका बैज्ञानिकका रुपमा परिचित छन् । उनले बनाएको स्प्रे-मेसिनको सहायताले अहिले पनि २५ फिट माथिसम्म फलफूलका बिरुवामा स्प्रे गर्ने गरिएको छ ।

ताप्लेजुङको सिनाममा २०११ सालमा बुबा प्रभाकर र आमा हरिमाया पाण्डेका पुत्रका रुपमा जन्मिएका पाण्डेले स्थायी बसोबास झापालाई बनाए । २०२८ सालमा झापा झरेका उनी कृषि कर्ममा रमाएर आफूलाई सफल कृषकका रुपमा स्थापित गराउन सफल भए । पाण्डेले उत्पादन गरेका उन्नत जातका विरुवाको मुख्य बजार आसाम हो । उनले उत्पादन गरेका बिरुवा भारतको आसामका कृषकले लाने गरेका छन् । आसाममा समेत पाण्डेको चर्चा हुने गरेको छ ।

त्यसो त सहारा नेपाल सहकारी संस्थाले समेत उनले उत्पादन गरेका विरुवा खरिद गर्दै कृषकलाई बितरण गर्दै आएको छ । सहकारीका सदस्यलाई कृषि कर्ममा जोड्न सहकारीले विभिन्न प्रजातिका विरुवा प्रदान गर्ने गरेको र त्यस्ता विरुवा आफ्नो नर्सरीबाट जाने गरेको उनको भनाइ छ ।

**तालिम केन्द्र बनाउने पाण्डेको सोच**

लामो समयदेखि आफूले सञ्चालन गर्दै आएको फर्मलाई तालिम केन्द्रका रुपमा रुपान्तरण गर्ने पाण्डेले सोच बनाएका छन् । आफूले जानेको ज्ञान र सिपलाई अरुलाई समेत सिकाउने उनको लक्ष्य रहेको छ । आफ्नो फर्ममा आउने कृषकलाई विरुवासँगै ज्ञान र सिप सिकाउँदै आएको उनी बताउँछन् । तपाईले कृषि कर्ममा दुई कुरा जान्नु भएको छ भने म २० कुरा सिकाउन सक्छु- पाण्डेले भने- मेरो फर्ममा आउनुहोस् । यहाँ गरिएको खेतीलाई अवलोकन गर्नुहोस् र तपाईपनि कृषि कर्ममा लाग्नुहोस् । तपाइँले नजानेको ज्ञान म प्रदान गर्छु । तपाई खेती गर्न चाहनुहुन्छ भने सिपसँगै विरुवा समेत निःशुल्क दिन तयार छु ।

पाण्डेले पात, डाँठ, बीऊको प्रयोग गर्दै विभिन्न प्रजातिका विरुवा तयार गर्ने गरेका छन् । जसका लागि प्रदेश सरकारको सहयोगमा टनेल निर्माण गरेका छन् । पाण्डेले रेड बनानाको पाकेको कोसाबाट अहिले विरुवा तयार गरेका छन् । कामको खोजीमा विदेश जाने युवालाई समेत स्वदेशमा नै व्यवसायिक खेती र पशुपालन गर्न सल्लाह दिँदै आएका पाण्डेले सरकारले युवा लक्षित कार्यक्रम जनस्तरसम्म पुर्‍याउन सके नेपाली भूमिलाई अमरावती बनाउन सकिने बताए ।

**पाण्डेको नर्सरीमा ड्राइगनफुडदेखि केजीवान अम्वासम्म**

झापामा ड्राइगनफुड खेती सामान्य जस्तै भयो । तर, एउटै नर्सरीमा धेरै प्रजातिका खेती कर्मले गर्छन्, जसमध्ये बाह्रदशीका पाण्डे पर्छन् । उनले आफ्नो नर्सरीमा ३० बढी प्रजातिका विरुवा उत्पादनसँगै व्यावसायिक रुपमा फल उत्पादन गरेर आम्दानी गरिरहेका छन् ।

पाण्डेले तयार गरेको नर्सरीमा फलेको अम्वाको तोल एउटाकै एक केजी रहेको छ । जसका कारण अम्वाको नाम नै केजीवान रहेको पाण्डे बताउँछन् । त्यस्तै सिटलेस लिची, केजीवान नस्पाती, सपोटा, नरिवल, सुपारी, अञ्जिर, वयर, मन्तोला, गुलाफ जामुन, सरिफा, अमृत सागर कोला, रातो मकै, बेबीकन आदि पाण्डेको नर्सरीमा प्रशस्तै छन् ।

## ताप्लेजुङमा ...

सिरिजंघा-८ याम्फुदिनको साम्मेधुङ टोलका पदम माबो, कीर्तिमान लिम्बू, राजबहादुर लिम्बू र छिरिङ भोटेको परिवार विस्थापित भएको प्रहरीले जनाएको छ । पहिरोले खानेपानीमा क्षति पुर्‍याउँदा मामाङ्केका करिब तीन सय परिवार खानेपानीबाट वञ्चित हुनु परेको पनि स्थानीयले जानकारी दिएका छन् ।

यसैगरी, याम्फदिनमा पनि दर्जनभन्दा बढी परिवार बाढीपहिरोको उच्च जोखिममा रहेका स्थानीय जनप्रतिनिधि सन्तोष राईले जानकारी दिए । गत बुधबार यता ताप्लेजुङमा पहिरोमा परी पाँचजनाको मृत्यु भइसकेको छ । त्यस्तै, ५५ पशु चौपाया मरेका छन् ।

मनसुन पूर्णरुपमा सक्रिय नहुँदै बाढीपहिरोले मानवीयसहित पशुचौपाया, खेतीबाली, सडक, पुल, खानेपानीलगायत संरचनामा क्षति गर्न थालेकाले जिल्लावासी त्रसित बनेका छन् । ताप्लेजुङको भूबनावट पहिरोको जोखिम पर्ने जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ । समितिका अनुसार यहाँका ६१ मध्ये ४१ वडा पहिरोको उच्च जोखिममा पर्दछन् ।




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी [redacted]राज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प[redacted]ष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@g[redacted]

पूर्वाञ्चल

## सम्पादकीय

# उदाहरणीय मायादेवी

**भोजपुरको टेम्केमैयुङ गाउँपालिकाकी एकल महिला मायादेवी राई पूर्वी नेपालकै उदाहरणीय कर्मठ महिला हुन् । उनले भएको शिक्षण पेशा त्यागेर जैविक तरकारी खेती व्यावसायिक रुपमै सञ्चालन गर्दै मनग्य आय गरिरहेकी छन् । दुई वर्षदेखि कृषि कर्ममा लागेकी मायादेवीले तरकारी खेतीसँगै मत्स्यपालन तथा पशुपंक्षी पालन पनि व्यवसायिक रुपमै सञ्चालन गरिरहेकी छन् । जसले भोजपुर लगायत आसपासका किसानलाई प्रेरणा र ऊर्जा प्रदान गरेको हुनसक्छ । यतिबेला विषादीको अत्यधिक प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर परिरहेको भन्दै जानकार तथा विज्ञहरुले चिन्ता प्रकट गरिरहेका छन् । यस्तोमा मायादेवीले सहस्र मायादेवी बनाउन सकिन् भने त्यो सबैका लागि ज्यादै सुखद् विषय हुनेछ ।**

**तरकारीको जैविक तथा व्यवसायिक खेती गरेर पनि आर्थिक स्तर उठाउन सकिन्छ भन्ने उदाहरण बनिएकी उनको योजना यसलाई अझै विस्तार गर्ने रहेको छ । आफ्ना गाउँका चालीस जना एकल महिलालाई संगठीत गर्दै मायादेवीले एकल महिला बहुउद्देश्यीय सहकारी संस्था समेत सञ्चालन गरेकी छन् । एकल भएकै कारण असहाय ज्ञबनिनुपर्ने सामाजिक परम्पराबिरुद्धको उनको संघर्ष आफैंमा प्रेरक छ । सोही सहकारी मार्फत आधुनिक टनेल खेती गर्न थालेका एकल महिलाका लागि उनी सारथी नै बनिएकी छन् । यस्तोमा राज्यका तर्फबाट सक्दो सहयोग गरेर परनिर्भरतातर्फ उन्मुख हाम्रो अर्थतन्त्रलाई सुधार गन सकिन्छ भन्ने सन्देश उनको कर्मठता, लगन र संघर्षको कथाले प्रस्तुत गरेको छ ।**

**नेपाल हावापानी, माटो तथा वातावराणका दृष्टिले पनि कृषि प्रधान नै हो । तर, पछिल्लो समय कृषि कर्मप्रति विकर्षण बढेको छ । कृषिकार्यमा हुनुपर्ने जनशक्ति वैदेशिक रोजगारको आकर्षणले पलायन भइरहेको छ । त्यसलाई रोक्न, देशमै अवसर सिर्जना गर्ने वातावरण सरकारले निर्माण गरिदिनु पर्दछ । कृषकलाई आवश्यक आर्थिक, प्राविधिक सहयोग गर्दै कृषिवस्तुको बजारीकरणमा ध्यान दिनु पर्दछ ।**

**माटो र हावापानी सुहाउँदो बाली, उन्नत जातका बीऊबिजन, मलखाद तथा प्राविधिक सहयोग गरेर कृषि कर्मलाई उच्च कर्म बनाउन सरकारले जिम्मेबारी लिनु पर्दछ । हामीकहाँ कृषि कर्मका विविध क्षेत्रहरु फलफूल, मौरी पालन, जडीबुटी, तरकारी तथा खाद्यान्नको उत्पादन, प्रवर्द्धन तथा बजारीकरणमा अभिभावकत्व ग्रहण गर्दै लाखौं मायादेवी उत्पादन गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ । त्यसो भए मात्र कृषिलाई निर्वाहमुखीबाट व्यवसायिकतातर्फ लान र राष्ट्रको आयस्तर सँगै नेपालीको जीवन पनि उठाउन सकिन्छ ।**

# राष्ट्रिय परिचयपत्रको उपादेयता



**डा. शान्तिकृष्ण अधिकारी**

उन्नाइसौं शताब्दीतामा फ्रान्सले जारी गरेको परिचयपत्रलाई राष्ट्रिय परिचयपत्र दिने क्रमको आरम्भ मान्न सकिन्छ। त्यसै बेलातिर बेलायत, जर्मनी, ग्रिस, पोल्यान्ड जस्ता देशले पनि कुनै न कुनै प्रकारको परिचयपत्र दिने वा नागरिकको अभिलेख राख्ने कार्यको आरम्भ गरेका थिए। समय बदलिएसँगै र प्रविधिमा भएको विकासका कारण परिचयपत्रको स्वरूपमा परिवर्तन हुने क्रम जारी छ। आरम्भको बेलाका भन्दा अहिलेका परिचय पत्रहरूले नागरिकका विविध सूचना समेट्ने गरेका छन्। एउटै कार्डमा नागरिकका अनेकन सूचना राख्न सकिने खालका परिचयपत्रको विकास गरिएको छ। नेपालमा पनि त्यस्तैखाले परिचयपत्र वितरणको क्रम आरम्भ भइसकेको छ। अहिले त्यसलाई व्यापक बनाउन खोजिएको छ।

नेपाली नागरिकको परिचय आजसम्म पनि नागरिकताको प्रमाणपत्रले बोक्दै आएको छ। नेपालीको परिचयपत्र भनेको त्यही नागरिकता नै हो, तर नेपाली नागरिकको परिचय डिजिटलाइज्ड गर्ने उद्देश्यले नेपालमा पनि नयाँ राष्ट्रिय परिचयपत्र बनाउने अभियान चलाइएको छ। व्यक्तिगत घटना दर्तादेखि सामाजिक सुरक्षा अन्तर्गतको नगद प्रवाहलाई डिजिटल पहिचान गरी व्यवस्थित गर्न वि.सं. २०७५ असोज २८ गतेदेखि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले कार्य गर्दै आएको छ। शुरुमा आर्थिक वर्ष २०६६/०६७ को नीति तथा कार्यक्रममा राष्ट्रिय परिचयपत्रको अवधारणा ल्याइएको थियो। गृह मन्त्रालयमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना गरिएको थियो। त्यतिबेला चुनावका समयमा समेत यही परिचयपत्रले काम गर्ने बताइएको थियो। पछि गएर नयाँ ऐन नै ल्याई विभाग नै खडा गरिएको छ।

नेपालमा नेपालीले विभिन्नखाले परिचयपत्र बोकेर बसेका छन्। अधिकांश नागरिकसँग नेपाली नागरिकताको प्रमाणपत्र छ। कतिपय नागरिकले चुनावका बेला मतदाता परिचयपत्र देखाएर भोट हाल्ने, तर उनीहरूसँग नागरिकता नभएको अवस्था पनि थियो। कसैले विद्यालय वा विश्वविद्यालयका परिचयपत्र देखाएर पनि काम चलाउने गरेका छन्। कतै सवारीचालक अनुमतिपत्र त कतै जग्गाधनी लालपुर्जा प्रयोग गरेर पनि समाधान निकाल्ने गरिएको छ। सबै चिजलाई एकै ठाउँमा समेटेर एउटै प्रमाणपत्रले काम लिन सक्ने अवस्था नेपालमा छैन। नेपालको झन्झटिलो कार्यालयीय प्रक्रियामा अनेकौं प्रमाणपत्र देखाउनुपर्ने अवस्था छ। नागरिकतालाई नै राष्ट्रिय परिचयपत्रका रूपमा विकसित गर्न सकिने अवस्था थियो, तर नयाँ राष्ट्रिय परिचयपत्रको अवधारणा ल्याइएको छ। नागरिकता नम्बर कम्प्युटरमा हानेपछि व्यक्तिका सबै परिचय त्यहीँ खुल्ने अवस्थाको निर्माण गर्न सकिन्थ्यो, तर सत्ता र प्रशासनको रहरमा नयाँ परिचयपत्र वितरण गर्ने प्रयास भएको एक दशक नाघिसकेको छ। नागरिकले आफ्नो पहिचानका लागि दर्जनौं परिचयपत्र सुरक्षित गर्नुपर्ने बाध्यता छ। त्यही बाध्यता माथि अर्को एउटा परिचयपत्र थपिन पुगेको छ। यो परिचयपत्र सबै समस्याको समाधान बन्न सक्छ, तर समाधानको कडी बन्छ कि बोझ भन्ने चाहिँ हेर्न बाँकी नै छ।

वर्तमान सरकारले सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गर्नका लागि आउँदो साउन महिनादेखि राष्ट्रिय परिचयपत्र अनिवार्य हुने भनेको छ। पहिला मतदाता परिचयपत्र मात्रै समेट्ने भनिएको भए पनि पछिल्लो समयमा सवारीचालक अनुमतिपत्र लगायतका विषय समेत परिचयपत्रमा समावेश गरिने भनिएको छ। सरकारले भने जस्तै सबै परिचय एउटै कार्डमा समावेश भएमा र सबै कार्यालयले त्यसलाई स्वीकार गरेमा नागरिकले सुविधा पाउने छन्। कुनै कार्यालयले परिचयपत्रलाई मान्ने र कुनैले नमान्ने भए भने जनतालाई सरकारले अनावश्यक दुःख दिएको मात्रै ठहर्छ।

अहिले नागरिकसँग नागरिकताको प्रमाणपत्र, मतदाता परिचयपत्र, सवारीचालक अनुमतिपत्र, जग्गाधनी लालपुर्जा, कार्यरत कार्यालयको परिचयपत्र, स्थानीय निकायले जारी गरेको ज्येष्ठ नागरिक परिचयपत्र, पान कार्ड जस्ता थरिथरिका परिचयपत्र छन्। प्रत्येक नागरिकले सम्बन्धित कार्यालयमा जाँदा सम्बन्धित परिचयपत्र बोकेर जानु पर्छ। जग्गा किनबेचका लागि जाने हो भने लालपुर्जा र नागरिकता दुबै लैजानु पर्छ। सवारीचालक अनुमतिपत्र नवीकरण गर्न नागरिकता चाहिन्छ। अर्थात् एउटै कार्डले सबै ठाउँमा काम गर्न सकिने अवस्था छैन।

सवारीचालक अनुमतिपत्र सरकारको एउटा कार्यालयले दिन्छ। नागरिकताको प्रमाणपत्र सरकारकै अर्को निकायले दिन्छ। सवारीचालक अनुमतिपत्रमा नागरिकताको नम्बर समेत उल्लेख गरिएको हुन्छ। यी दुबै प्रमाणपत्र दिने निकाय एउटै सरकारका हुन्। त्यही सरकारको अर्को निकाय मालपोत कार्यालयले सवारीचालक अनुमतिपत्र देखाएर जग्गा किनबेचको अधिकार दिन मान्दैन। अर्थात्, नेपाल सरकारको एउटा निकायले दिएको प्रमाणलाई अर्को निकायले सहज रूपमा मान्दैन। अब अनिवार्य गर्ने भनिएको राष्ट्रिय परिचयपत्र पनि त्यस्तै कुनै निकायले मान्ने र कुनैले नमान्ने हुने हो भने जनतालाई अनावश्यक झन्झट दिनु उपयुक्त हुँदैन। त्यही परिचयपत्रलाई सबैतिर उपयोग गर्न सकिने वातावरण तयार गर्ने हो भने परिचयपत्रको उपादेयता बढ्छ।

सवारी ऐनमा ड्राइभिङ लाइसेन्सको कुरा छ। बाटोमा उभिएर बसेको प्रहरीले राष्ट्रिय परिचय पत्र चिन्दैन।




उसले चिन्ने भनेको सवारीचालक अनुमति पत्र नै हो। ऐनले निर्धारण गरे बमोजिम उसले अरू कागजका बारेमा पढेकै वा उसलाई पढाइएकै हुँदैन। त्यस्तै अन्य निकायका हकमा पनि उही समस्या आउँछ। सरकारले परिचयपत्र बाँड्दै गर्दा ऐन वा कानूनको परिमार्जनतिर पनि सँगसँगै ध्यान दिनुपर्ने हुन्छ। सारांशमा भन्नुपर्दा राष्ट्रिय परिचयपत्रलाई राज्यका हरेक निकायले चिन्ने वातावरण तयार गर्नुपर्छ। अन्यथा नागरिकलाई थप एक कार्ड बोक्नुपर्ने बाध्यतामा सरकारले जबर्जस्ती धकेलेको अनुभव हुन्छ।

राज्यको ठूलो ओहोदामा रहेका विदेशतिर घुम्न गएपछि त्यता कुनै नौलो कुरो देखियो भने नेपालमा ठ्याक्कै त्यस्तै व्यवस्था भित्र्याउने प्रचलन रही आएको छ। देशको आवश्यकता के हो ? जनताका बीचमा त्यस्तो नौलो अभ्यासले आफ्नो औचित्य स्थापित गर्न सक्छ कि सक्दैन ? जस्ता कुरामा ध्यान दिइँदैन। भइरहेकै कुरामा सुधार गरेर नयाँ परिपाटी विकास गर्न सकिन्छ कि बिल्कुल नौलो अभ्यास आरम्भ गर्नुपर्छ भन्नेतिर पनि ध्यान दिइँदैन। केही नयाँ गरेको देखाउने रहरमा विदेशमा जे देखिएको छ, त्यही लागू गर्ने गरिएको छ। राष्ट्रिय परिचयपत्र भने त्यस्तो नभई जनताका समस्यालाई सम्बोधन गर्न सक्ने कार्डका रूपमा लागू गरियोस् भन्ने चाहना जनताको छ।

नेपालमा सक्ने कुरा पनि लागू गरिन्छ र देशले धान्न नसक्ने पनि लागू गर्ने गरिएको छ। देशले आवश्यकता पूरा गर्न सक्ने कुरालाई पनि अनेक बहानामा असम्भव जस्तै बनाई जनतालाई अनावश्यक दुःख दिने गरिएको छ। ड्राइभिङ लाइसेन्सकै कुरा गर्दा नवीकरणका लागि निवेदन दिएकाहरूले दुई तीन वर्षसम्म पनि लाइसेन्सको कार्ड पाउन सकेका छैनन्। पहिले पहिले प्रहरी इन्सपेक्टरले सही गरेको हस्तलिखित कार्ड दिने गरिएको थियो भने पछि गएर यातायात कार्यालयका अधिकृतले हस्ताक्षर गरेर कम्प्युटर टाइप गरिएको कार्ड दिइन्थ्यो। त्यसैले चलेकै थियो भने स्मार्ट बन्ने नाममा स्मार्ट कार्ड लागू गरियो तर आज सबैका खल्तीमा यातायात कार्यालयमा राजस्व बुझाएको रसिद मात्रै छ। अब सरकारले त्यही रसिदलाई नै ड्राइभिङ लाइसेन्स भनिने छ भनेर व्याख्या गरे हुने भएको छ।

त्यसैले सबै नेपाली नागरिकलाई समयमै परिचयपत्र उपलब्ध गराउन सक्छ भने मात्रै सरकारले राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गर्न उपयुक्त हुन्छ। राष्ट्रिय परिचयपत्र लिनका लागि नागरिकले दुई चार किलोमिटरभन्दा बढीको यात्रा गर्न नपर्ने र परिचयपत्र प्राप्त गर्ने प्रक्रिया पुऱ्याउन वितरण कार्यालयमा एक डेढ घण्टाभन्दा बढी समय व्यतीत गर्नु नपर्ने व्यवस्था मिलाएर मात्रै सरकारले परिचयपत्रलाई अनिवार्य बनाउनुपर्छ। कोही नागरिकले हिजोआज नै र कसैले परिचयपत्रका लागि पाँच वर्षसम्म कुर्नुपर्ने अवस्था छ कि छैन विश्लेषण गरेर मात्रै नागरिकलाई उर्दी गर्दा सरकारले धन्यवाद प्राप्त गर्न सक्छ। अन्यथा नागरिकले सरकारलाई सराप्ने अर्को एक मुद्दा थपिने मात्रै हुन जान्छ भन्नेमा सरकारले ध्यान दिएकै हुनु पर्छ।

आर्थिक वर्ष २०७५/०७६ मै पाँचथर जिल्लामा र सिंहदरबारका कर्मचारीलाई वितरण गरिएको यो राष्ट्रिय परिचयपत्रले आजसम्म किन व्यापकता पाउन सकेन ? तत्कालीन गृहमन्त्री रामबहादुर थापाले पाँचथरकी १०१ वर्षीया भगवती भण्डारीलाई प्रदान गरेर शुरु गरिएको राष्ट्रिय परिचयपत्र वितरण अभियान किन सर्वव्यापक हुन सकेन ? सरकारले अध्ययन गरेर अनिवार्य भनेको छ कि त्यसै भन्ने पनि विचार गर्नुपर्छ। ज्येष्ठ नागरिकलाई बस भाडामा छुटको व्यवस्था गरिएको छ। नागरिकता देखाएर छुट माग्दा वा लाइसेन्सको जन्म मिति हेरेर बस कन्डक्टरले छुट दिँदैन। राष्ट्रिय परिचयपत्र बोकेपछि स्थानीय निकायबाट ज्येष्ठ नागरिक परिचयपत्र लिन पर्छ कि पर्दैन ? यो परिचयपत्र लिएकाले उमेर पुगेपछि पुनः नागरिकताको प्रमाणपत्र स्वतः प्राप्त गर्ने व्यवस्था गर्न सकिन्छ कि सकिँदैन ? जस्ता विविध आयाममा सरकारले विचार पुऱ्याएकै होला। *गोप*



# सन्तानको **मानसिक स्वास्थ्य**को ख्याल गरौं

सन्तानको स्वास्थ्य राम्रो होस् भन्ने कामना नगर्ने को होलान् र आफू केही गुमाएर भए पनि अभिभावकले सन्तानको पालनपोषण, शिक्षा र संस्कारका लागि लगानी गर्छन् । यद्यपि सोचे जस्तो परिणाम नआउन सक्छ । सोचे अनुरुप सन्तानबाट परिणाम नआउनुमा उनीहरुको मानसिक स्वास्थ्यको ठूलो भूमिका हुन्छ । त्यसैले यसमा पनि अभिभावकले विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

मानसिक स्वास्थ्य संवेदनशील विषय हो । मानसिक रूपमा अस्वस्थ व्यक्तिले कसैलाई पनि विवेकपूर्ण ढंगले सहयोग गर्न सक्दैन । त्यसैले पहिले त अभिभावक नै मानसिक रूपमा स्वस्थ हुन आवश्यक छ । अनि मात्र आफ्नो सन्तानको राम्रोसँग ख्याल राख्न सकिन्छ ।

**विश्वासयुक्त सम्बन्ध**

हरेक अभिभावकको चाहना आफूलाई छोराछोरीले विश्वास गरुन् भन्ने हुन्छ । समस्याहरु पनि अरुभन्दा आफूसँग सेयर गरुन् भन्ने अपेक्षा हुन्छ । तर, अभिभावकले भने सन्तानसँगको व्यवहारबारे त्यति ध्यान दिँदैनन् । फलस्वरूप अभिभावकले सोचे अनुरुपको व्यवहार पाउन सक्दैनन् । सन्तानलाई अभिभावकले विभिन्न समयमा वाचा गरेका हुन्छन् । क्षणिक रूपमा खुशी पार्न घुमाउन लैजाने, केही सामग्री किनिदिने लगायत आश्वासन दिन्छन् । आश्वासन पूरा नगर्दा सन्तान र अभिभावकबीच दूरी बढ्दै जान्छ । यसले गर्दा सन्तान कुनै पनि समस्या आफ्ना अभिभावकसँग सेयर गर्न चाहँदैनन् । त्यसैले अभिभावकले सन्तानको मन जित्न उनीहरूलाई साथी जस्तो व्यवहार गर्नुपर्छ ।

**सामना गर्ने कलाको विकास**

भनिन्छ, तनाव जीवन भोगाइका क्रममा आइपर्ने एउटा पाटो हो । त्यसैले त सबैको जीवनमा तनाव भन्ने तत्व रहेको हुन्छ । विशेषगरी बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूमा पनि शारीरिक, मानसिक तथा भावनात्मक रूपमा परिवर्तन आउँदै जान्छ । जसले तनावको सम्भावनालाई पनि बढाउँदै लैजान्छ । त्यसैले बालबालिकामा आइपर्ने पीडादायी घटनाबाट उनीहरुलाई बचाउनुपर्छ । जसले बालबालिकाको मानसिक स्वास्थ्यका सकारात्मक परिवर्तन ल्याउन ठूलो भूमिका खेल्छ ।

पीडादायी घटनालाई कसरी सामना गर्ने ? कसरी तनावमुक्त हुने वा यसको समाधान कसरी गर्ने भन्ने विषयमा बालबालिकालाई सानै उमेरदेखि प्रशिक्षण दिनुपर्छ । कहिलेकाहीँ उनीहरुलाई लेख, रचना लेख्न, पढ्न प्रोत्साहन गर्ने, साथीहरुसँग फोन गर्न र बोल्न लगाउने, स-साना बच्चालाई पनि अभिनय गर्न सिकाउने, रुचि भए चित्र कोर्न या अन्य सिर्जनशील काममा लगाउने जस्ता गतिविधि गर्नुपर्छ । यसबाट उनीहरुको तनाव कम हुन्छ ।

**व्यक्तित्व विकासमा भूमिका**

बालबालिकाको आत्मविश्वास बढाउन प्रेरित गर्न आवश्यक हुन्छ । यसले बालबालिकाको मानसिक स्वास्थ्य मजबुत गर्न सहयोग पुऱ्याउँछ । बालबालिकालाई सही र वास्तविक प्रशंसा एवम् उत्प्रेरणा दिने, आत्मनिर्भर हुने मौका प्रदान गर्ने, नयाँ सिप सिकाउने, सकारात्मक व्यवहारका लागि अभिप्रेरित गर्ने जस्ता गतिविधिमा ध्यान दिनुपर्छ । असल ढंगबाट 'रोल मोडल' बन्न उनीहरूलाई प्रेरणा दिनुपर्छ । यसका कारण बालबालिकामा नयाँ क्षमता र व्यक्तित्व विकास हुन्छ ।

# सार्क राष्ट्रस्तरीय नाट्य महोत्सवको तयारी

**बिर्तामोड, असार २।** सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको अनुदान सहयोग र क्षितिज नाट्य प्रतिष्ठान झापाको आयोजनामा सञ्चालित नाट्य कला सम्बन्धी सात दिवसीय कार्यशाला सम्पन्न भएको छ ।

बिर्तामोड नगरपालिका प्रमुख युवराज चुडालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बिर्तामोड नगरभित्रका सबै वडाध्यक्षको उपस्थिति रहेको थियो । क्षितिज नाट्य प्रतिष्ठान अन्तर्गत नाट्य विभागका ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्लाका २१ जना प्रशिक्षार्थीहरु बीच कार्यक्रम सञ्चालन गरिएको नाट्य प्रतिष्ठानकी केन्द्रीय उपाध्यक्ष सुजना खतिवडाले जानकारी दिए ।

प्रतिष्ठानले आगामी आर्थिक वर्ष २०८१/०८२ मा सार्क राष्ट्रस्तरीय बहुभाषिक नाट्य महोत्सव गर्ने भएको हुँदा महोत्सवलाई मध्यनजर गरेर कलाकारहरुको स्तर उन्नतिका लागि कार्यशाला कार्यक्रमको आयोजना गरिएको प्रतिष्ठानका कार्यकारी अधिकृत राजकुमार भट्टराईले जानकारी दिए ।



नाट्य प्रतिष्ठानका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण कार्यका परिकल्पनाकारा तथा अभियन्ता माधव कल्पितको निर्माण परिकल्पना र गजेन्द्र पृथकको लेखन निर्देशनमा आधारित नाटक परिबन्धको पूर्व तयारी भइरहेको प्रतिष्ठानका पाँचथर शाखा अध्यक्ष नरेन्द्र खतिवडाले जानकारी दिए ।

आगामी आर्थिक वर्ष क्षितिजको भौतिक निर्माणका साथै सार्क केन्द्रीकृत नाट्य महोत्सवको वर्षका रहने र नाट्य महोत्सवमा सात प्रदेशबाट १४ वटा, सार्क राष्ट्रबाट १४ वटा र आयोजकको तर्फबाट एक गरी २९ वटा नाटक एक महिनासम्म मञ्चन गरिने गरी महोत्सवको आयोजना गर्न लागिएको नाट्य विभागका अध्यक्ष गजेन्द्र पृथकले बताए ।

निर्माण अनुगमन समिति अध्यक्ष भोजकुमार मास्केको अध्यक्षतामा आयोजित कार्यक्रम कलाकारहरुले नाटक गीत, संगीत र नृत्य प्रस्तुत गरेको कार्यक्रमलाई साहित्य विभाग सचिव ताराप्रकाश भट्टराईले स्वागत तथा केन्द्रीय अध्यक्ष कल्पितले सञ्चालन गरेका थिए ।

# नर्सिङ कर्मचारीहरूलाई एनसीसीडीएफको तालिम




**भद्रपुर, असार २।** भद्रपुरस्थित ओमसाई पाथीभरा हस्पिटलले बिरामीको स्वास्थ्य सुरक्षा र भरपर्दो सेवालाई थप प्रभावकारी बनाउन नर्सिङ कर्मचारीहरूलाई नर्स सेवा सम्बन्धी आधारभूत तालिम दिइएको छ ।

नेपाल क्रिटिकल केयर डेभलपमेन्ट फाउन्डेसन (एनसीसीडीएफ)को सहकार्यमा हस्पिटलमा कार्यरत ४० जना नर्सिङ कर्मचारीहरूलाई दुई दिने आधारभूत तालिम दिइएको हो ।

नेपाल क्रिटिकल केयर डेभलपमेन्ट फाउन्डेसनका कविता सिटौलाका अनुसार नेपालमा यस्तो प्रकार तालिम फाउन्डेसनले सन् २०१६ देखि सञ्चालन गर्दै आइरहेको बताइन् । यो तालिम चाइनिज युनिभर्सिटी हङकङले सुरुवात गरेपछि अहिले नेपालसहित विश्वका ६५ वटा देशमा सञ्चालन भइरहेको छ । झापा जिल्लामा बी एण्ड सी हस्पिटलपछि ओमसाईमा दोस्रो पटक यो तालिम सञ्चालन गरिएको उनले बताइन् ।

आइसियु र क्रिटिकल केयरमा कार्यरत स्टाफ नर्सहरूले जटिल रोगका लागेका बिरामीहरूको ज्यान कसरी बचाउन सकिन्छ भनेर उनीहरूको क्षमता अभिवृद्धिका लागि यो तालिम अति नै आवश्यक छ । बिरामीहरूको स्वास्थ्य सुरक्षा र भरपर्दो सेवाका लागि यो तालिम ओमसाईमा सञ्चालन गरिएको उनले बताइन् ।

तालिममा सहभागी नर्सिङ कर्मचारीहरूलाई फाउन्डेसनका कविता सिटौला, सुगम फुयल, मुन्नी सुब्बा, पूजा दाहाल, आशा पोखरेल, पर्वता भट्टराई, गङ्गा अधिकारीले सहजीकरण गरेका थिए । समापन कार्यक्रममा अध्यक्षता गर्दै हस्पिटलका प्रबन्ध निर्देशक बालकुमार पोखरेलले नर्सिङ कर्मचारीहरूका कारण हस्पिटलको सेवा प्रभावकारी बनेको बताए । कर्मचारीहरूको साथ, सहयोग र सद्भावका कारण यस हस्पिटलमा उपचारका लागि आउने बिरामीहरू स्वास्थ्य उपचार पश्चात् सकुशल फर्किरहेको उनको भनाइ छ ।

कार्यक्रममा हस्पिटलका मुख्य नर्सिङ अधिकृत निशा पाठक, नर्सिङ अधिकृत ज्योति भट्टराई, सहकार्य अधिकृत इन्दिरा खतिवडा लगायतको सहभागिता रहेको हस्पिटलका प्रमुख व्यवस्थापक दीप पौडेलले जानकारी दिए ।

# स्वास्थ्य क्षेत्रमा तीन अर्ब ५८ करोड

**झापा, असार २।** कोशी प्रदेश सरकारले 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' भन्ने नारासहित स्वास्थ्य सेवाको क्षेत्रमा रु. तीन अर्ब ५८ करोड बजेट विनियोजन गरेको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले प्रदेशसभामा प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/०८२ को बजेटमा उक्त रकम विनियोजन गरिएको हो । 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' निर्माण गर्ने उद्देश्यसहित बहुआयामिक विकासलाई तीव्ररुपमा अघि बढाउने सङ्कल्प गरिएको उक्त बजेटमा झापाको प्रादेशिक अस्पताल भद्रपुरलाई 'उत्कृष्ट सेवा केन्द्र'का रुपमा विकास गरिने घोषणा गरिएको छ ।

प्रादेशिक अस्पताल भद्रपुर र जिल्ला अस्पतालहरु पाँचथर, धनकुटा, उदयपुर, सङ्खुवासभा र खोटाङमा सघन उपचार कक्ष (आइसीयु) र नवजात शिशु सघन उपचार कक्ष (एनआइसीयु) सहितको सेवा प्रवाह गर्न रु. ६० करोड ५५ लाख बजेट विनियोजन गरिएको छ । झापाको प्रदेश आयुर्वेद अस्पताल लखनपुरलाई कोशी आयुर्वेद प्रतिष्ठानको रुपमा विकास गरिने बजेटमा घोषणा गरिएको छ । स्वस्थ जीवनशैली, आहारविहार, योग, ध्यान, व्यायाम प्रवर्द्धनका लागि बजेटमा रु. १८ करोड ५० लाख विनियोजन भएको छ ।

प्रदेश मातहतका सबै अस्पतालबाट विशेषज्ञ सेवा सुनिश्चित गर्न स्वास्थ्यकर्मीलाई विशेष भत्ताको व्यवस्था गरिने र त्यसका लागि रु. छ करोड ८४ लाख बजेट विनियोजन गरिएको छ । उदयपुर, धनकुटा, सङ्खुवासभा र प्रादेशिक अस्पताल भद्रपुरबाट निःसन्तान दम्पत्तिका लागि निःशुल्क उपचार सेवा शुरु गर्न एक करोड १० लाख बजेट विनियोजन गरिएको छ ।

प्रदेश सरकारले १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचारका लागि रु. चार करोड २९ लाख बजेट छुट्याएको छ । वृद्धवृद्धा तथा असहाय स्वास्थ्य कार्यक्रम अन्तर्गत वृद्धाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम, निरन्तर आश्रित नागरिक, द्वन्द्व प्रभावित, एम्बुलेन्स चालक र महिला स्वास्थ्य स्वयम्सेविका लगायतलाई निःशुल्क स्वास्थ्य बिमाका लागि रु. दुई करोड २० लाख बजेट विनियोजन गरिएको बजेट वक्तव्यमा मन्त्री मगरले बताए ।

# शिक्षक तथा कर्मचारीलाई सम्मान



**कमल, असार २।** कमल गाउँपालिकाले एक कार्यक्रमका बीच शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितका अध्यक्षसहित ३६ जनाभन्दा बढीलाई सम्मान गरेको छ ।

गाउँपालिकाको चालू आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति कार्यक्रम तथा बजेटमा शिक्षा युवा तथा खेलकुद शाखातर्फ व्यवस्था भएको कार्य सम्पादनका आधारमा शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सम्मान गरिएको हो ।

२०८० को शैक्षिक सत्रभित्र अनिवार्य अवकाश, स्वेच्छिक राजीनामा तथा अन्य जुनसुकै कारणले सरकारी शिक्षण पेशाबाट विदा भएका शिक्षक सम्मान, विभिन्न समयमा सेवानिवृत्त हुने कर्मचारी तथा कमल गाउँपालिकाले सेवा सुविधा उपलब्ध गराएका अवकाश प्राप्त कर्मचारीलाई नगदसहित सम्मान गरिएको थियो ।

कमल-२ स्थित महेन्द्र रत्न माध्यमिक विद्यालयको सभाहलमा गाउँपालिकाका अध्यक्ष हुकुसिंह राई, उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी, वडाध्यक्ष, कार्यपालिकाका सदस्य प्रमुख प्रशासकीय अधिकृत, शिक्षा समितिका सदस्य विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, कमल गाउँपालिका सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारीको उपस्थिति रहेको थियो ।

कार्यक्रममा अनिवार्य अवकाश शिक्षक कर्मचारी तथा तहगत र विषयगत रुपमा उत्कृष्टताको आधारमा ३६ जना शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुलाई कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राई उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सूर्यप्रसाद न्यौपाने लगायतले सम्मान गरेका थिए ।

कार्यक्रममा कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले शुभकामना दिँदै आफ्नो विद्यालयलाई उत्कृष्ट बनाउन लाग्ने सम्पूर्ण शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई कामको उच्च मूल्याङ्कन गर्दै विषयगत रुपमा गाउँपालिकाले सम्मान गरेको बताइन् ।

गाउँपालिकाले सामुदायिक विद्यालयको भौतिक संरचना सुधार गर्दै प्रविधिमैत्री वातावरणमा शिक्षालाई अगाडि बढाएको अध्यक्ष हुकुमसिंह राईले बताए । उनले गुणस्तरीय शिक्षा आजको आवश्यकता हो, त्यसैले शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिले राजनीतिभन्दा माथि उठेर शिक्षाको सुधारमा लाग्नुपर्ने र कमल गाउँपालिकालाई देशकै नमूना गाउँपालिका बनाउनतर्फ सबै एकजुट हुनुपर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा शैक्षिक सत्र २०८० भर शिक्षकले आफू कार्यरत विद्यालय र आफूले अध्यापन गर्ने कक्षा तथा विषयमा आफ्ना विद्यार्थीले के-कसरी अध्यापन गर्न सक्यौ, शैक्षिक गुणस्तर कस्तो रह्यो, अतिरिक्त क्रियाकलापको पालना, लगन शिलता, नियमितता, शिक्षक आचारसंहिता लगायतका विषयमा शिक्षा शाखाबाट माग भए बमोजिम विद्यालयले उपलब्ध गराएको विभिन्न मापदण्डका आधारमा सम्मान गरिएको शिक्षा शाखाले जनाएको छ ।

कमल गाउँपालिका अध्यक्ष राईको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारी रविन गौतमले सञ्चालन गरेका थिए भने शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेले स्वागत गरेका थिए ।

# खोला किनाराका बंगुरका खोर हटाइए



**पथरीशनिश्चरे, असार २।** मोरङ्गको पथरीशनिश्चरे-१० मा रहेको सिरीजङ्गा धार्मिक वन क्षेत्रभित्रमा बग्ने पथरी खोलाको किनारामा अनाधिकृत तवरले बनाइएका बंगुरका खोरहरू हटाइएको छ ।

वडा नम्बर १ को पथरी कृषि सब्जी बजार पश्चिम पथरी खोलाको किनाराका संरचनाहरू हटाइएका हुन् । पथरी खोलाको मुल बहाबलाई नै असर गर्ने गरी बनाई बंगुरपालन गर्न बनाइएका संरचनाहरू पथरीशनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापो, सिरीजङ्गा धार्मिक वन उपभोक्ता समूहका अध्यक्ष डम्बर चेम्जोङ, वडा नं. १० का वडाध्यक्ष जीवन खतिवडा, पथरी कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र गुरुङ, इलाका प्रहरी कार्यालय पथरीका प्रतिनिधि, सशस्त्र प्रहरी, बेस क्याम्प, १० र १ नं. वडा कार्यालयका पदाधिकारी, नगर प्रहरीको संयुक्त टोलीले सुनाखरी माध्यमिक विद्यालयको पश्चिम पथरी खोलाको बहाबलाई 'जेसी भी मेसिनले क्लियर' गर्दै पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पर्ने पथरी खोलाको पुलसम्म खोलाको पानी बहाब ४५ फुटसम्म सफाई' गरिएको थियो ।

यसअघिका छ-सात महिनामा ती संरचनाहरू हटाउन नगरपालिकाको कार्यलय, वडा कार्यालय, सिरीजङ्गा धार्मिक वन समूहले पटक-पटक सूचनाहरु प्रकाशित गरेको र उक्त सूचनालाई कार्यान्वयन गरिएको वडाध्यक्ष भीमकुमार राईले बताए ।

# झापामा निःशुल्क स्वास्थ्य मेला

**बिर्तामोड, असार २।** नेपाल विद्यार्थी संघ झापाको आयोजनामा तथा ओमसाई पाथीभरा अस्पतालको प्राविधिक सहयोगमा बुद्धशान्ति गाउँपालिका-४ स्थित गुराँस सामुदायिक विकास संस्थामा एकदिने निःशुल्क स्वास्थ्य मेला सम्पन्न भएको छ ।



स्वास्थ्य मेलामा एक हजार पाँच सयभन्दा बढी सेवाग्राहीले लाभ लिएका थिए । कार्यक्रममा अमेरिका निवासी रबिन श्रेष्ठ, न्युटन कलेज बिर्तामोड र मनकामना क्याम्पस बिर्तामोडले निःशुल्क औषधि उपलब्ध गराएका थिए । स्वास्थ्य मेलामा नाक, कान घाँटी, आँखा, बाल रोग, स्त्रीरोग, हाडजोर्नी र फिजिसियन सेवाहरू निःशुल्क प्रदान गरिएको थियो ।

नेविसंघ झापाका सभापति सञ्जय निरौलाको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डे, बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाईं र गुराँस सामुदायिक संस्थाका अध्यक्ष सन्जितकुमार थेवे लगायतले स्वास्थ्य मेलाको महत्व माथि प्रकाश पारेका थिए ।

कार्यक्रममा नेका महासमिति सदस्य मणिकुमार उप्रेती, नेका जिल्ला सचिव कृष्ण हुमागाँई, नेका झापा पूर्व उपाध्यक्ष राम कट्टेल, ओमसाई अस्पतालका निर्देशक बालकुमार पोखरेल, वडाध्यक्ष शेरबहादुर राया लगायतको उपस्थिति थियो ।

कार्यक्रममा नेविसंघ झापाका सचिव गोकुल पौडेलले सञ्चालन गरेका थिए भने नेविसंघ बुद्धशान्ति सभापति उमेश भट्टराईले स्वागत गरेका थिए ।

# भलिबल प्रतियोगिताको आय-व्यय सार्वजनिक

**अर्जुनधारा, असार २।** अर्जुनधारा-७ ज्योति बस्तीस्थित सिर्जना बाल युवा क्लवको आयोजनामा गत जेठ १० गते सम्पन्न भएको प्रथम अर्जुनधारा वडास्तरीय भलिबल प्रतियोगिता-२०८१ को आयव्यय विवरण सार्वजनिक गरिएको छ ।



क्लवकी अध्यक्ष शर्मिला न्यौपानेको अध्यक्षतामा क्लवको कार्यालयमा आयोजित कार्यक्रममा क्लवका उपाध्यक्ष एवम् प्रतियोगिताका संयोजक सविन बुढाथोकीले उक्त विवरण प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदन अनुसार जम्मा आम्दानी ५८ हजार एक सय ५५ रुपैयाँ, जम्मा खर्च ५६ हजार दुई सय ६५ रुपैयाँ र जम्मा बचत एक हजार आठ सय ९० रुपैयाँ रहेको उल्लेख गरिएको छ ।

सोही प्रतियोगिताका लागि केही वडा कार्यालयले उपलब्ध गराउने रकम भुक्तानी प्रक्रियाका कारण आयव्यय विवरण सार्वजनिक गर्न केही ढिलो भएको अध्यक्ष न्यौपानेले बताइन् । उनी भन्छन्- 'वडाबाट प्राप्त हुने सहयोग रकमलाई क्लवको वृत्तिविकासमा लगानी गर्नेछौं ।'

उपाध्यक्ष बुढाथोकीले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव आदर्श पोखरेलले गरेका थिए ।

# राई सिंह खोलामा पक्की पुल

**झापा, असार २।** मेचीनगर नगरपालिकास्थित राइसिंह खोलामा तीन दशकपछि पक्की पुल निर्माण भएको छ । मेचीनगर-२ र ४ का बासिन्दाले लामो समयदेखि उक्त पुल निर्माणको माग गर्दै आएका थिए ।

सात करोड २६ लाख रुपैयाँको लागतमा पुल निर्माण गरिएको हो । हात्ती प्रभावित साविक बाहुनडाँगी बजार र भृकुटी क्षेत्रलाई जोड्ने सो पुल निर्माणका लागि २०५१ सालदेखि पहल गरिँदै आएको थियो । एक दशकअघि रु. ४० लाखको लागतमा तत्कालीन जिल्ला विकास समितिले राइसिंह खोलामा पुल निर्माण थालेको थियो । तर बजेट अभावमा सो पुल बन्न सकेको थिएन ।

बजेट अभावका कारण पुल हस्तान्तरणमा ढिलाइ भएको कोशी प्रदेश पूर्वाधार विकास कार्यालयका अधिकृत सुरेन्द्रप्रसाद साहले बताए । पुल बनेपछि मेचीनगरको हात्ती प्रभावित बाहुनडाँगीका १८ हजाभन्दा बढी बासिन्दा लाभान्वित भएका छन् ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।




सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**शोवर्मा पारखीहरूका लागि यम्मी शोवर्मा पोइन्ट अब बिर्तामोडमा**



सम्पर्क
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आज तपाईको समय उत्तम रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
घरबाट कहिँ रमाइलो यात्राको तयहुनेछ, साथीभाइहरूले साथ दिनेछन्, मनोरञ्जनमा ध्यान जानेछ मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दुरीको यात्रा हुनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।